सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) बमोजिम जिल्ला प्रशासन कार्यालय, सप्तरी सँग सम्बन्धित विवरण
२०७७ माघ देखि २०७७ चैत मसान्त सम्म

# त्रैमासिक प्रगति विवरण

## PRO-ACTIVE DISCLOSURE


प्रकाशक :

## जिल्ला प्रशासन कार्यालय सप्तरी

राजविराज

प्रकाशित मिति :- २०७८/०१/२३


# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा (५) बमोजिम जिल्ला प्रशासन कार्यालय सप्तरी सँग सम्बन्धित विवरण २०७७ माघ देखि २०७७ चैत मसान्त सम्म

## १. जिल्ला प्रशासन कार्यालय,सप्तरीको स्वरुप र प्रकृतिः

जिल्लामा शान्ति,सुरक्षा र सुव्यबस्था कायम गरी जनताको जीउ ,धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो । यस कार्यालयका काम , कर्तव्य र अधिकारहरुलाई मूलतः स्थानीय प्रशासन ऐन , २०२८ ले व्यवस्था गरेको छ । यस कार्यालयले नेपाल सरकार , कार्य विभाजन नियमावली, २०७४ ले निर्दिष्ट गरेको गृह प्रशासनको अधिकार क्षेत्र भित्र रहेर काम गर्दै आएको छ । संघ , प्रदेश र स्थानीय तहबाट जिल्लास्तरमा हुने विकासका कार्यमा समन्वय र सहजीकरण एवम् स्थानीय र प्रदेश सरकारका कानुन कार्यान्वयनमा आवश्यक सहयोग पुर्याउने , विपद् व्यवस्थापन, आपूर्ति व्यवस्थापन एवम् बस्तु तथा सेवाको गुणस्तरीयताको सूनिश्चितता का लागि बजार अनुगमन गर्ने र उपभोक्ताको हित संरक्षणमा सरोकारवाला निकायबिच उचित समन्वय गर्ने तथा सेवा प्रवाहको अनुगमन गर्ने , प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको छ ।

### यस कार्यालयकोसांगठनिक संरचना

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,ससरी



## २. जिल्ला प्रशासन कार्यालय,सप्तरीको काम कर्तव्य र अधिकारः

क. जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने ।
ख. जिल्लामा संचालित विकासका कार्यहरुमा सहयोग र समन्वय गर्ने ।
ग. जिल्लामा रहेका नेपाल सरकारका समप्तिहरुको संरक्षण गर्ने ।
घ. जिल्लामा आइपर्ने विपद्हरुको व्यवस्थापन गर्ने ।
ङ. जिल्लामा बस्तुहरुको आपूर्तिलाई व्यवस्थित गर्ने ।
च. जिल्लास्थित सार्वजनिक निकायहरुको कार्य सम्पादनमा सहयोग तथा समन्वय गर्ने ।
छ. प्रचलित कानूनद्वारा तोकिएका विषयहरुमा न्याय निरुपण गर्ने ।
ज. नेपाली नागरिकता प्रमाणपत्र वितरण गर्ने ।
झ. हातहतियारको इजाजत प्रदान तथा नविकरण गर्ने ।
ञ. राहदानी सम्बन्धी कार्य गर्ने ।
ट. संस्था दर्ता तथा नविरकण गर्ने ।
ठ. कारागार व्यवस्थापन सम्बन्धी कार्य ।
ड. नेपाल-भारत सीमा ,सीमास्तम्भको सुरक्षा, एवं अन्तराष्ट्रिय सीमा व्यवस्थापन
ढ. अन्तराष्ट्रिय सिमानामा हुने अपराध नियन्त्रणका लागि समन्वय एवं आवश्यक प्रयास गर्ने ।
ण. छापाखाना/पत्रपित्रका दर्ता सम्बन्धी कार्य गर्ने ।
त. सरकारी सवारी साधनहरुको संचालन अनुमति प्रदान गर्ने ।
थ. विशिष्ट व्यक्तिहरुको आवागमनको सुरक्षा व्यवस्थाका लागि आबश्यक सहयोग तथा समन्वय एवं निर्देशन दिने ।
द. नाबालक परिचय पत्र जारी गर्ने ।
ध. समय समयमा मंत्रालय एवं नेपाल सरकारका अन्य निकायहरु बाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने ।
न. तोकिए बमोजिमका विभिन्न प्रकारका सिफारिस प्रदान गर्ने ।

## ३. जिल्ला प्रशासन कार्यालय,सप्तरीमा रहने कर्मचारी संख्या र कार्य विवरणः

### ३.१ जिल्ला प्रशासन कार्यालय,सप्तरीमा रहने कर्मचारी संख्याः

| सि.नं. | पद | श्रेणी | सेवा/समुह | स्वीकृत दरबन्दी | कार्यरत कर्मचारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्र.जि.अ. | रा.प.प्रथम | प्रशासन/सा.प्र. | १ | १ | |
| २ | स.प्र.जि.अ. | रा.प. द्वितीय | प्रशासन/सा.प्र. | १ | १ | |
| ३ | प्रशासकीय अधिकृत | रा.प. तृतीय | प्रशासन/सा.प्र. | ३ | २ | |
| ४ | नायब सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन/सा.प्र. | १० | ९ | काज-१ |
| ५ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन/लेखा | १ | १ | |
| ६ | क.अ. | रा.प.अनं. प्रथम | विविध/विविध | ३ | ३ | |
| ७ | खरिदार | रा.प.अनं. द्वितीय | प्रशासन/सा.प्र. | ५ | ५ | |
| ८ | ह.स.चा. | श्रेणी विहीन | श्रेणिविहिन | २ | २ | |
| ९ | का.स. | श्रेणी विहीन | श्रेणिविहिन | ७ | ७ | |
| | | | **जम्मा** | **३३** | **३१** | |

### ३.२ जिल्ला प्रशासन कार्यालय,सप्तरीको कर्मचारीको कार्य विवरणः

| सि.नं. | पद | कार्यविवरण | कैफियत |
|---|---|---|---|
| १ | प्र.जि.अ. (कार्यालय प्रमुख) | ➢ जिल्लाको समग्र शान्ति सुरक्षा तथा अपराध नियन्त्रण<br>➢ जिल्ला स्थित सम्पुर्ण कार्यालयहरुको अनुगमन ,निरिक्षण तथा निर्देशन<br>➢ समग्र प्रशासनिक कार्यहरुको रेखदेख तथा निर्देशन<br>➢ गृह मन्त्रालय संग सम्पन्न कार्य सम्पादन सम्झौता अनुरुपका कार्यहरु सम्पादन<br>➢ विपद् व्यवस्थापन संग सम्बन्धित कार्यक्रम संचालन तथा रेखदेख | |

| | | | |
|---|---|---|---|
| २ | स.प्र.जि.अ. | ➢प्र.जि.अ. बाट अधिकार प्रत्यायोजन भएका कार्यहरु<br>**जस्तैः**<br>क. जिल्लाको समग्र शान्ति सुरक्षा तथा अपराध नियन्त्रण<br>ख. जिल्ला स्थित सम्पुर्ण कार्यालयहरुको अनुगमन,निरिक्षण तथा निर्देशन<br>ग. समग्र प्रशासनिक कार्यहरुको रेखदेख तथा निर्देशन<br>घ. गृह मन्त्रालय तथा प्रमुख जिल्ला अधिकारी बिच भएका कार्य सम्झौता अनुरुपका कार्यहरु सम्पादन<br>ङ. प्रकोप उद्दार तथा राहत कार्यक्रम संचालन तथा रेखदेख<br>च. कर्मचारहरुलाई आवश्यक निर्देशन दिने । | रिक्त |
| ३ | प्रशासकीय अधिकृत | ➢प्र.जि.अ. बाट अधिकार प्रत्यायोजन भएका कार्यहरुलाई प्रचलित ऐन कानुनको अधिनमा रही गर्नु पर्ने तपशिलका कार्यहरुः<br>क. नयाँ तथा प्रतिलिपी नागरिकता जारी गर्ने<br>ख. राहदानीको सिफारिस तथा राहदानी बुकमा हस्ताक्षर गरी जारी गर्ने<br>ग. नाबालक परिचय पत्र जारी गर्ने<br>घ. संघ संस्था दर्ता तथा नविकरण गर्ने<br>ङ. हातहतियार नविरकण गर्ने/नामसारी गर्ने<br>च. बजार अनुगमन तथा कार्यालय निरिक्षण गर्ने ।<br>छ. आदिवासी/जनजाती, मधेशी, दलित भएको व्यहोरा प्रमाणित<br>ज. मातहतका कर्मचारी उपर सामान्य रेखदेख, नियन्त्रण, सुपरिवेक्षण र निर्देशन दिने<br>झ. प्र.जि.अ. ले तोकेको अन्य जिम्मेवारी पुरा गर्ने । | |
| ४ | ना.सु./क.अ./खरिदार/का.स. | उल्लेखित कर्मचारीहरुको हकमा कार्यालय प्रमुखले जिम्मेवारी दिएको फाँटको कार्यहरु गर्ने | |

## ४. जिल्ला प्रशासन कार्यालय,सप्तरीबाट प्रदान गरिने सेवाहरुः

क) स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्बन्धी सेवाः

- नाम थर वा उमेर आदि प्रमाणित ।
- नाबालक परिचय पत्र जारी ।
- मधेशी, दलित, मुस्लिम, आदिबासी/जनजाती, आयश्रोत प्रमाणित.
- पत्रपत्रिका, छापाखाना दर्ता ।
- कार्यालयगत चिठ्ठी पत्र ।
- विविध कार्य ।

ख) राहदानी सम्बन्धी सेवाः

- राहदानी फाराम संकलन तथा जारी गर्ने।
- द्रुत सेवाको लागि सिफारिस तथा अभिलेख प्रमाणित गर्ने ।
- राहदानी विभागबाट प्राप्त हुन आएको राहदानी वितरण गर्ने ।
- MRP को विवरण संशोधन गर्ने ।

ग) नागरिकता तथा प्रतिलिपी सम्बन्धी सेवाः

- वंशजको आधारमा नागरिकताको प्रमाणपत्र वितरण ।
- वैवाहिक अंगिकृत नागरिकताको प्रमाणपत्र वितरण ।
- अंगिकृत नागरिकताको सिफारिस मन्त्रालयमा निर्णयार्थ पेश गर्ने ।
- तात्विक फरक नपर्ने गरी नामथर, जन्ममिती संशोधन ।
- कर्मचारी परिवारको नाताले दिइने ना.प्र.प. वितरण ।

घ) मुद्दा तथा ठाडो उजुरी सम्बन्धी सेवाः
- अभद्र व्यवहार सम्बन्धि मुद्दा ।
- गुनासो वा ठाडो उजुरी ।

ङ) हातहतियार इजाजत तथा नविकरण सेवाः
- हातहतियार इजाजत, नामसारी, नविकरण र स्वामित्व हस्तान्तरण ।

च) संस्था दर्ता तथा नविकरण सम्बन्धी सेवाः
- संस्था दर्ता ।
- संस्था नविकरण ।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृती ।

छ) आपूर्ति व्यवस्था अनुगमन सम्बन्धी सेवाः
- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि बजार अनुगमन तथा नियमन गर्न सहयोग पुर्याउने ।

ज) विपद् व्यवस्थापन सम्बन्धी सेवाः
- जिल्ला विपद् व्यवस्थापन समितीको बैठक व्यवस्थापन ।
- विपद् सम्बन्धी कार्ययोजना निर्माण ।
- विपद् न्यूनीकरणका लागि तयारी ।
- विपद्धा भएको क्षति विवरण संकलन ।
- विपद्धा पीडित भएकालाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुनः स्थापना ।

झ) अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त निर्देशन बमोजिमका कार्य गर्ने ।

ञ) माथि उल्लेखित कार्यहरु संग सम्बन्धित श्रेस्ता व्यवस्थापन गर्ने ।

ट) समावेशी सिफारिस, बिपद्को राहतको, पेन्सन सिफारिस लगायतको लागि निवेदन रहित सेवाको सुरुवात ।

ठ) प्रत्येक महिनाको ३ गते जिल्ला समन्वय बैठक गर्ने गरिएको ।

## ५. जिल्ला प्रशासन कार्यालय,सप्तरीमा रहेका शाखा र जिम्मेवार अधिकारीः

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकारी | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता शाखा | ना.सु. रवि तिम्लसिना, ना.सु. सुशिल कर्ण, क.अ. अरुण कुमार राम, खरिदार गुलशन कवाडी, पुष्पा बराल | |
| २ | राहदानी शाखा | ना.सु. प्रकाश देवकोटा, खरिदार शिवनाथ मण्डल | |
| ३ | मुद्दा तथा हातहतियार शाखा | ना.सु. प्रविन अधिकारी, ना.सु. अरुण कुमार यादब, स.क.अ. महेश मंडल | |
| ४ | स्थानीय प्रशासन तथा शा.सु. शाखा | ना.सु.जय कुमार शाह, क.अ. सचिन्दानन्द पुरी | |
| ५ | अभिलेख व्यवस्थापन | खरिदार दिपेन्द्र राम | |
| ६ | आर्थिक प्रशासन शाखा | ले.पा. ललन प्रसाद गुप्ता | |
| ७ | प्रतिलीपी शाखा | ना.सु. बिर्सना कुमारी चौधरी थारु, ना.सु. शिवशंकर यादव, क.अ. प्रमोद कुमार यादव | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर अवधिः

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने समय | लाग्ने शुल्क |
|---|---|---|---|
| १ | बंशजको आधारमा नेपाली नागिरकताको प्रमाणपत्र | प्रमाण एवं प्रक्रिया पुगेकै दिन | रु.१० को टिकट |
| २ | नेपाली नागरिकताको प्रतिलिपी वितरण | प्रमाण एवं प्रक्रिया पुगेकै दिन | रु.१३ को टिकट |
| ३ | वैवाहिक अगिकृत नागरिकताको प्रमाण पत्र वितरण | प्रमाण एवं प्रक्रिया पुगेकै दिन | रु.१० को टिकट |
| ४ | पतिको नामथर कायम तथा संशोधन गरी नेपाली नागरिकता प्रमाणपत्र वितरण | प्रमाण एवं प्रक्रिया पुगेकै दिन | रु.१३ को टिकट |

| | | | |
|---|---|---|---|
| ५ | राहदानी फाराम संकलन | प्रमाण एवं प्रक्रिया पुगेकै दिन | नाबालक— रु. २५००।-<br>साधारण—रु. ५०००।-<br>हराएको- रु.१००००।— |
| ६ | राहदानी द्रुत सेवा अभिलेख प्रमाणित | प्रमाण एवं प्रक्रिया पुगेकै दिन | — |
| ७ | नाबालक परिचयपत्र | प्रक्रिया पुगेकै दिन | रु.१०।- को टिकट |
| ८ | गुनासो वा ठाडो उजुरी | यथाशिघ्र | रु.१०।- को टिकट |
| ९ | नामथर, उमेर आदि प्रमाणित | प्रक्रिया पुगेकै दिन | रु.१०।- को टिकट |
| १० | संस्था दर्ता | सबै प्रक्रिया पुगेपछि सोही दिन | रु. १०००।- को बैंक भौचर |
| ११ | संस्था नविकरण | सबै प्रक्रिया पुगेपछि सोही दिन | रु. ५००।- को बैंक भौचर |
| १२ | संस्थाको विधान संशोधन | सबै प्रक्रिया पुगेपछि सोही दिन | रु. १०।- को टिकट |
| १३ | जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृती | सबै प्रक्रिया पुगेपछि सोही दिन | रु. १०।- को टिकट |
| १४ | आदिवासी/जनजाती, मधेसी/मुस्लिम/दलित प्रमाणीत | प्रक्रिया पुगेकै दिन | रु.१०।- टिकट |
| १५ | पत्रपत्रिका दर्ता | सबै प्रक्रिया पुगेपछि सोही दिन | दैनिक—रु.१०००।-<br>साप्ताहिक—रु.५००।-<br>पाक्षिक—रु.३००।-<br>मासिक—रु.२००।- |
| १६ | छापाखाना दर्ता | सबै प्रक्रिया पुगेपछि सोही दिन | रु.१०००।- |
| १७ | हातहतियार नामसारी | प्रक्रिया पुगे पश्चात सोही दिन | रु.१०००।- |
| १८ | हातहतियार जिल्ला भित्रको नविकरण | प्रक्रिया पुगे पश्चात सोही दिन | रु.१५०।- |
| १९ | हातहतियार नेपाल अधिराज्य भरिको नविकरण | प्रक्रिया पुगे पश्चात सोही दिन | रु.३००।- |
| २० | क्षतिपूर्ति एवं राहत वितरण | सबै कागजात भए पश्चात यथाशिघ्र | - |
| २१ | अभद्र व्यवहार सम्बन्धी मुद्दा | कानुन बमोजिम | रु. १०।- को टिकट |
| २२ | अख्तियार दुरुपयोग सम्बन्धी विषय | आयोगबाट प्राप्त समय सिमा भित्र | रु. १०।- को टिकट |

## ७. निर्णय गर्ने प्रकृया र अधिकारीः

**क) निर्णय गर्ने प्रकृयाः**सरकारी निर्णय प्रकृया सरलीकरण निर्देशिका,२०६५(सुशासन व्यवस्थापन तथा संचालन ऐन, २०६४ र ऐ नियमावली, २०६५) एवं सूचनाको हक सम्बन्धी ऐन, २०६४ लगायत प्रचलित कानून बमोजिम ।

**ख) निर्णय गर्ने अधिकारीः**

- प्रमुख जिल्ला अधिकारी
- सहायक प्रमुख जिल्ला अधिकारी —प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम
- प्रशासकीय अधिकृतहरु —प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

- शाखागत कामका विषयमा प्रशासकीय अधिकृत
- समग्रमा प्रमुख जिल्ला अधिकारी

## ९. सम्पादन गरेको कामको विवरणः

| सि.नं. | सम्पादन गरेको काम | कामको परिमाण | | कैफियत |
|---|---|---|---|---|
| | | २०७७ साल माघ देखि २०७७ चैत मसान्त सम्म | आ.ब.२०७६/०७७ को जम्मा | |
| १ | नयाँ नागरिकता बंशज | ४४७४ | ७२२४ | |
| | वैवाहिक अंगिकृत | २३४ | ४३६ | |
| | प्रतिलिपी | २४६७ | ५०५६ | |
| | नाबालक परिचय पत्र | १९ | १७६ | |

| | | | | |
|---|---|---|---|---|
| २ | राहदानी वितरण | ५४६ | ३२०५ | |
| | राहदानी साधारण सिफारिस | १८३३ | ३८५७ | |
| | द्रुत सिफारिस | ८६२ | १८१३ | |
| ३ | ठाडो उजुरी | २६२ | १०५८ | |
| ४ | व्यहोरा प्रमाणित | १४० | ७५६ | |
| ५ | संघसंस्था नविरकण | ८६ | ३१७ | |
| ६ | संघसंस्था दर्ता | १९ | ६६ | |
| ७ | पत्रपत्रिका दर्ता | १ | १ | |
| ८ | हातहतियार नामसारी | - | २ | |
| ९ | हातहतियार नविकरण | २ | ७५ | |
| १० | प्रकोप पिडितलाई राहत वितरण | ६ | ४५ | |
| ११ | अभद्र व्यवहार सम्बन्धी मुद्दा दर्ता | ४१ | २२५ | |
| १२ | अख्तियार दुरुपयोग सम्बन्धी मुद्दा | | ४० | |
| १३ | बजार अनुगमन | | १५ | |
| १४ | विकास आयोजना निरिक्षण | | - | |
| १५ | प्रकोप प्रभावित क्षेत्रहरुको स्थलगत निरिक्षण | आवश्यकता अनुसार धेरै पटक गरिएको । | आवश्यकता अनुसार धेरै पटक गरिएको । | |
| १६ | राजनितीक दलहरु, गै.स.स. र नागरिक समाज संगको समन्वय | आवश्यकता अनुसार धेरै पटक गरिएको । | आवश्यकता अनुसार धेरै पटक गरिएको । | |

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पदः

क) कार्यालय प्रमुखः

- नामः फणिन्द्रमणि पोखरेल
- पदः प्रमुख जिल्ला अधिकारी (२०७७ चैत १ गते देखि हालसम्म)
- मोबाइल नम्बरः- ९८५२८५७७७७

ख) सूचना अधिकारीः

- नामः नाथु साह
- पदः सहायक प्रमुख जिल्ला अधिकारी
- मोबाइल नम्बरः ९८५२८५७७७६

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- नेपालको संविधान, २०७२ को नागरिकता सँग सम्बन्धित धारा
- नेपाल नागरिकता ऐन,२०६३ र नियमावली,२०६३
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधी निर्देशिका,२०६३
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनिती, २०६६
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६८
- प्रकोप पिडित उद्दार र राहत सम्बन्धी मापदण्ड, २०६४
- गृह प्रशासन सुधार कार्ययोजना २०७४
- गृह मन्त्रालय र अन्तरगत कार्यरत कर्मचारीहरुको अचारसहिंता, २०६९
- हातहतियार खरखजाना ऐन,२०१९ र नियमावली,२०२८
- आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१२
- भ्रष्टाचार नियन्त्रण ऐन, २०५९
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- संस्था दर्ता ऐन,२०३४ र नियमावली,२०३४

- उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७
- राहदानी ऐन, २०७६ र नियमावली, २०६७
- स्थानीय प्रशासन ऐन, २०२८
- फौज्दारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- मुलुकी फौज्दारी कार्यविधी संहिता, २०७४
- जग्गा प्राप्ती ऐन, २०३४
- उपभोक्ता संरक्षण ऐन, २०७५
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली २०६५
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ र नियमावली २०६५

**१२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणः**

| सि.नं. | आ.व. २०७७/७८ मा चैत मसान्त सम्ममा उठेको जम्मा राजश्व | आ.व. २०७७/७८ मा पौष मसान्त सम्ममा भएको जम्मा चालु खर्च १४१,७६,२९२।५० | आ.व. २०७७/७८ मा पौष मसान्त सम्ममा भएको जम्मा पुँजीगत खर्च ६७३९७५।- | कैफियत |
|---|---|---|---|---|
| १ | १३५,७२,१३५।- | कुल बजेट १,९९,३९,०००।- | जम्मा बजेट १५५०,०००।- | |

**१३. सूचनाको हक अन्तरगत सूचनाको हक मागने र पाउनेको विवरणः**

| सि.नं. | सूचना माग्ने व्यक्तिको नाम र ठेगाना | सूचना माग गरेको मिती | शिर्षक | कैफियत |
|---|---|---|---|---|
| | | | | |

**१४. शान्ति सुरक्षाको अवस्था सम्बन्धी विवरण**

- जिल्ला सुरक्षा समितिको बैठक संख्या - ६
- जिल्ला प्रहरी कार्यालय संख्या - १
- इलाका प्रहरी कार्यालय संख्या - ९
- प्रहरी चौकी संख्या - ४१
- सशस्त्र प्रहरी बल नेपालको गण - १
- सशस्त्र प्रहरी वेश क्याम्प - ६
- BOP संख्या - ७
- नेपाली सेनाको ब्यारेक रहेको स्थल संख्या - २

**१५. कोभिड-१९ सँग सम्बन्धित विवरण**

- DCCMC को बैठक संख्या - ५
- जिल्ला समन्वय बैठक संख्या-२
- होम आइसोलेशन रहेका संक्रमित संख्या- २२६
- हालसम्म संक्रमित देखिएका कुल संख्या -२२७
- निको भएको संख्या-२
- अस्पताल संख्या- ९

- बेड संख्या-४८५
- ICU बेड संख्या- २८
- भेन्टिलेटर संख्या- ७
- एम्बुलेन्स संख्या-४६

## १६. यस जिल्लामा भएका अन्य प्राकृतिक विपद्का क्षेत्रहरु

- जंगली जनावरको आक्रमण
- बाढी तथा डुबान (सप्तकोशी नदी, खाँडो नदी, महुली, बलान बिहुल, खडक लगायतका खोलानालाका कारण)
- चटयाङ्ग तथा हावाहुरी- राहत पाएका परिवार संख्या-३, राहत रकम रु. ३,०००००।-
- आगलागी- राहत पाएका परिवार संख्या-६०, राहत रकम रु.२,७१,५००।-
- विपद्सँग सम्बन्धित बैठक संख्या – १
- अन्य विविध बैठक - ५

## १७. जिल्ला प्रशासन कार्यालयको सूचना प्राप्त गर्न सकिने माध्यमहरु

- Website:- www.daosaptari.moha.gov.np
- Email :- daosaptari1@gmail.com (पत्राचारको लागि)
- Email :- daosaptari2@gmail.com (अभिलेख व्यवस्थापनको लागि)
- FaceBook ID :- जिल्ला प्रशासन कार्यालय सप्तरी
- प्रत्येक तीन महिनामा प्रकाशित हुने Pro-active Disclosure
- समय समयमा यस कार्यालयबाट प्रकाशित हुने बुलेटिन तथा कार्ययोजनाहरु
- आवश्कता अनुसार गरिने पत्राकार सम्मेलन
- जिल्ला प्रशासन कार्यालयको सूचना पाटी
- सूचना अधिकारी
- सम्बन्धित फाँटको कर्मचारी
- श्रीमान् प्रमुख जिल्ला अधिकारी